नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र
त्रिपुरेश्वर, काठमाडौं

Web: www.mcsipc.gov.np
ई-मेल: info@mcsipc.gov.np
फोन नं. ०१-५३५१५३८

प.स.०८२/८३
च.न. १५४

उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
सु.प. प्रदेश, धनगढी, कैलाली
९४६ २०८२।१०।२२

मितिः २०८२।१०।१५

विषयः प्रचार प्रसार गरिदिने सम्बन्धमा ।

श्री उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय,
सुदुरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

यस केन्द्रको चालु आ.व. २०८२।८३ को स्वीकृत कार्यक्रम अन्तर्गत प्रदेशस्तरमा मागमा आधारीत उद्यमशिलता विकास कार्यक्रम बमोजिम ताहाँ प्रदेश अन्तर्गतका जिल्लाहरुमा सञ्चालन हुने मन्टेश्वरी र बेसीक व्यूटीशियन (३९० घण्टे) सम्बन्धी तालिमको आवेदन भर्ने सूचना मिति २०८२।१०।१२ गते राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकासित भएकोले इच्छुक आवेदकहरुलाई केन्द्रको वेबसाइट www.mcsipc.gov.np वा अनलाईन आवेदन पोर्टल https//apply.mcsipc.gov.np मा लग-ईन गरी अनलाईन आवेदन पेश गर्नका लागि ताहाँ प्रदेशका सबै मन्त्रालयहरु,जिल्लास्थित कार्यालयहरु र स्थानीय तहहरु मार्फत प्रचार प्रसारको व्यवस्था मिलाईदिन हुन सादर अनुरोध छ ।साथै सूचना यसैसाथ संलग्न छ ।

२०८२।१०।१५
(वेद प्रसाद खरेल)
कार्यकारी अधिकृत

## मागमा आधारीत उद्यमशिलता विकास तालिम कार्यक्रमका लागि आवेदन दिने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः- २०८२/१०/१२ गते

प्रदेशस्तरमा उद्यमशिलता विकास कार्यक्रम बमोजिम **सात वटै प्रदेशमा २०/२० वटा तालिमका दरले** सञ्चालन हुने मागमा आधारीत उद्यमशिलता कार्यक्रम **(मन्टेश्वरी तालिम, बार्बर (हेयर ड्रेसर),बेसिक व्यूटिसियन र जुनियर पलम्बिङ )** अन्तर्गतका सबै ३९० घण्टे तालिम कार्यक्रममा सहभागी हुन इच्छुक ७७ वटै जिल्लाका तोकिए बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले प्रदेशगतरुपमा सबै जिल्लामा सञ्चालन गरिने तोकिए बमोजिमका तालिम ट्रेडमा सहभागी हुन इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस केन्द्रको वेभसाईट **https://www.mcsipc.gov.np/** मा रहेको तालिम अनलाईन आवेदन पोर्टल वा **https://apply.mcsipc.gov.np** मा लगईन गरी आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। सबै प्रदेशमा जिल्लागत रुपमा सञ्चालन हुने तालिम ट्रेडका किसिम र तालिम संख्या लगायतका अन्य थप जानकारीका लागि यस केन्द्रको वेभसाईटमा प्रकाशित सूचना हेर्नुहुन साथै आवेदन पेश गर्दा कुनै द्विविधा / समस्या आईपरेमा यस कार्यालयका सूचना अधिकारी ( मोबाईल नं.९७४१६६३६५८) वा मो.नं. ९८१३४७८७०६ मा समेत सम्पर्क गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।